**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६३ माघ २२**

---

## तराईमा मानवअधिकार सरोकारहरूबारे उच्चायुक्तको कार्यालय, नेपालको राजनीतिक दलहरू तथा नागरिक समाजसँग छलफल

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले मध्य तथा पूर्वी तराईमा भइरहेको हिंसा र मृत्यु तथा घाइते हुनेहरूको सङ्ख्या बढिरहेको सम्बन्धमा आज फेरि आफ्नो गहिरो सरोकार व्यक्त गऱ्यो । यी सरोकार उच्चायुक्तको कार्यालय, नेपालले आह्वान गरेको सरकार, सात दल गठबन्धन, नेकपा-माओवादी, मधेशी जनअधिकार फोरम, मधेशी नागरिक समाजका प्रतिनिधि तथा मानवअधिकार रक्षकहरूसँगको बैठकमा व्यक्त गरिएका थिए । महासचिवका स्वकीय प्रतिनिधि इयान मार्टिन पनि उच्चायुक्तको कार्यालय, नेपालको निमन्त्रणमा उपस्थित हुनुहुन्थ्यो ।

बैठकको क्रममा, मानवअधिकार उच्चायुक्तकी प्रतिनिधि लेना सुन्धले सन् २००६ को डिसेम्बरमा नेपालगञ्जमा एक प्रदर्शनकारीको मृत्युबाहेक माघ ५ गतेयता कम्तीमा १९ जना - १८ सर्वसाधारण र एक प्रहरी अधिकारी - मारिएका थिए भन्ने उल्लेख गर्नुभयो । अधिकांश पीडितहरू मधेशी थिए । कम्तीमा तेह्रजनालाई प्रहरीद्वारा गोली प्रहार गरी मारिएको वा टाउकामा हानी मरणान्त घाइते बनाइएको भनिएको छ । अन्य धेरैजना पनि सो हिंसामा घाइते भएका छन् । उच्चायुक्तको कार्यालय, नेपालले सर्लाही जिल्लाको मलङवामा भएको भनिएको सबभन्दा पछिल्ला तीन मृत्युका परिस्थितिलाई स्पष्ट पार्न खोजिरहेको छ ।

उच्चायुक्तको कार्यालय, नेपालका कर्मचारीका घुम्ती टोलीहरू विरोधहरूको अनुगमन गर्दै तथा लहान, सिरहा, सुखिपुर, इनरुवा, विराटनगर, गौर, जनकपुर, चन्द्रनिगाहापुर, वीरगञ्ज, कलैया र नेपालगञ्जमा भएका हत्या तथा अन्य हिंसाको छानबिन गर्दै ती क्षेत्रमा उपस्थित भएका छन् । टोलीहरूले स्थानीय अधिकारी, प्रहरी तथा विरोधको आयोजकहरूसँग संवाद र वकालतमार्फत् तनाव कम गर्न तथा हिंसा र दुर्व्यवहार हुन नदिन प्रयत्न पनि गर्दै आएका छन् । उनीहरूले सरकारी अधिकारी, मानवअधिकार रक्षक, पत्रकार, मधेशी समूह तथा अन्य सङ्गठनहरू, पीडित, प्रत्यक्षदर्शी तथा राजनीतिक दलहरूलगायत धेरै स्रोतबाट सङ्कलन गर्दै आएका छन् ।

उच्चायुक्तको कार्यालय, नेपाल केहि विरोधकर्ताका तर्फबाट भएका हिंसाको घोर निन्दा गर्दछ, जसबाट कतिपयको मृत्यु भएको छ, धेरै घाइते भएका छन, र सरकारी भवन, घर तथा पसलहरू, प्रहरीचौकी, एम्बुलेन्स र अन्य गाडीहरू क्षतिग्रस्त वा नष्ट भएका छन् । गत शनिबार/आइतबार बिराटनगरका आसपासमा फलामका रड र लाठी लिएका मधेशीहरूद्वारा कुटपिट गरिएका भनिएका पाँच जनालगायत, मानवअधिकार रक्षक र पत्रकारलाई दिएका धम्कीका बारेमा यो विशेष रूपले चिन्तित भएको छ । लेना सुन्धले यी धेरै महत्वपूर्ण पात्रहरूलाई आफ्ना कार्य पूरा गर्न दिन सबै संलग्न व्यक्ति र सङ्गठनहरूलाई आग्रह गर्नुभयो । सञ्चारकर्मी र मानवअधिकारकर्मीहरूले निर्बाध रूपमा आ–आफ्ना पेशागत गतिविधि सञ्चालन गर्नपाउने सुनिश्चित गर्नु नेपाल सरकारको दायित्व पनि छ ।

**For further information contact Mr. Chun B. Gurung at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org**

उच्चायुक्तको कार्यालय, नेपालका टोलीहरूलाई नै प्रायः राम्ररी स्वीकारिए तापनि, लेना सुन्धले तिनको सम्मान गरिनुपर्दछ र जुनसुकै बेलामा स्वतन्त्रापूर्वक आवतजावत गर्न दिइनुपर्छ भन्नेमा पनि जोड दिनुभयो । बैठकको क्रममा वहाँलाई उपस्थित नेपाली नेताहरूद्वारा आ–आफ्ना प्रतिनिधि, विरोधका आयोजकहरू र तराईस्थित पक्षधरहरूलाई स्थलगत संयुक्त राष्ट्रसङ्घीय टोलीहरूलाई सम्मान गर्ने निर्देशन दिने आश्वासन दिइएको थियो ।

साथै, उच्चायुक्तको कार्यालय, नेपालले विरोधकर्ताहरूविरुद्ध प्रहरीद्वारा भएको बलको अत्यधिक प्रयोग, जसबाट धेरै मृत्यु र घाइतेहरू भएका छन् र जसले आम समुदायमा क्रोधको वृद्धि गर्नमा सहयोग पुऱ्याएको छ, का बारेमा आफ्ना सरोकारहरू दोहोऱ्यायो । उच्चायुक्तको कार्यालय, नेपाल कानुन व्यवस्था कायम गर्नमा सुरक्षाफौजले सामना गरिरहेका चुनौतीहरूलाई बुझ्दछ, तर स्थानीय अधिकारीहरू तथा प्रहरीले मानवअधिकारको पूर्ण रूपले सम्मान गर्ने तरिकाले कानुनको पालना गराउनुपर्दछ । बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्तहरू निलम्बित हुने किसिमले व्यापक कर्फ्यु आदेशको अर्थ लाउन सकिँदैन भन्ने स्पष्ट आदेशहरू प्रहरीलाई दिइनुपर्दछ । उच्चायुक्तको कार्यालय, नेपालका टोलीहरूले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलद्वारा भिडमा जथाभावी गोली ताकेर हानिएको लगायत जीवित तथा रबर गोलीको अनुपयुक्त प्रयोगका बारेमा जानकारी सङ्कलन गरेका छन् । प्रहरीले संयम अपनाउनुपर्दछ र सम्भव भएसम्म सार्वजनिक व्यवस्था कायम राख्न विभिन्न गैरघातक माध्यमको प्रयोग, मानव जीवनको सुरक्षा तथा शारीरिक अखण्डताको संरक्षण गर्नुपर्दछ ।

आफ्ना निष्कर्षमा, लेना सुन्धले अशान्तिलाई समाधान गर्ने तथा थप हत्या र घाइते हुन नदिने माध्यमको रूपमा संवादमा प्रवेश गर्न भएका पहलहरूलाई स्वागत गर्नुभयो । "म सबै सम्बन्धितहरूलाई सो तत्काल गर्न आग्रह गर्दछु । संवादमा सक्रिय भएरमात्र शान्तिको पुनर्स्थापना गर्न तथा मानवअधिकारको सम्मानका लागि समाधानहरूको पहिचान गर्न सकिन्छ ।"